# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ५) पाड्डुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल चैत्र २७ गते २०७९ (संख्या ७**


## भाग २

**व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७५ (पहिलो संशोधन) २०७९ सम्बन्धी सूचना ।**

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।१२।२६ गतेको बैठकको निर्णयानुसार व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७५ मा देहाय बमोजिम पहिलो संशोधन गरि यो सूचना प्रकाशन गरिएको छ ।

१. दफा ३ को सट्टा देहायको दफा राखिएको छः-

३) व्यवसाय दर्ता तथा सूचिकरण गरी संचालन गर्नुपर्नेः १) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

२) यस निर्देशिका प्रारम्भ हुनुअघि अन्य निकायमा दर्ता भई वैतेश्वर गाउँपालिका भित्र संचालनमा रहेका व्यवसाय/फर्महरुले यस गाउँपालिकाको कार्यालयमा आवश्यक कागजातहरु संलग्न राखी सूचीकरण गराउनु पर्नेछ र प्रत्येक आ.व.मा तोकिए बमोजिमको राजश्व/दस्तुर बुझाई वार्षिक रुपमा नविकरण समेत गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम व्यवसाय सूचीकरण गरि निवेदकलाई अनुसूची-४ को ढाँचामा व्यवसाय सूचीकरणको प्रमाणपत्र उपलब्ध गराईनेछ ।

२. अनुसूची ४ थप गरिएको

## अनुसूची-४

### निर्देशिकाको दफा ३ को उपदफा (३) सँग सम्बन्धित

वैतेश्वर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाँडा, दोलखा

बागमती प्रदेश

व्यवसायीको फोटो

### व्यवसाय सूचीकरण प्रमाण-पत्र

प्रमाणपत्र नं.:........................ जारी मिति:........................

.........................जिल्ला..........................................को कार्यालयमा दर्ता भई यस गाउँपालिकाको ...........नं. वडा स्थित .....................मा संचालनमा रहेको ..................................................................लाई व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७५ (पहिलो संशोधन) २०७९ बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय सूचीकरण गरि यो प्रमाण-पत्र जारी गरिएको छ।

व्यवसायीको नाम:......................................................................
व्यवसाय/फर्मको पान न.:.............................................................
अन्य कार्यालयमा दर्ता भएको दर्ता नं.:.............................................
व्यवसायको प्रकृति: क) .............................ख) .............................ग) .............................
कुल पुँजी रु.: ...................................................
सम्पर्क नं.: ......................................................

व्यवसायीको दस्तखत प्रमाणपत्र जारी गर्नेको दस्तखत

| नविकरण गरेको आ.व. | नविकरण गरेको मिति | नविकरण कायम रहने अवधि | नविकरण गर्नेको दस्तखत/कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**व्यवसायीले ध्यान दिनुपर्ने कुराहरु:**

(१) सम्बन्धीत कार्यालयबाट करचुक्ता प्रमाणपत्र लिई असोज मसान्त भित्र गाउँपालिकाबाट यो प्रमाणपत्र नविकरण गर्नु पर्नेछ।
(२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।
(३) व्यवसाय बन्द गर्नु परेमा करदाताले सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ, अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्ने छ।
(४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र बैतेश्वर गाउँपालिकाबाट खटाईएको कर्मचारीहरूले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ।
(५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन। यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।
(६) व्यवसायबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ।
(७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनाको पालना गर्नु करदाताको कर्तव्य हुनेछ।
(८) उल्लेखित शर्तनामाहरू पालना नगरेको खण्डमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाण पत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सकिनेछ।
(९) यो प्रमाण पत्र व्यवसाय सूचीकरण प्रयोजनको लागि जारी गरिएको हो। अन्य निकायमा दर्ता भई यस गाउँपालिका भित्र कुनै पेशा वा व्यवासय सञ्चालन गर्नुपर्ने भएमा प्रचालित कानून बमोजिम सूचिकरण गराएर मात्र संचालन गर्नुपर्ने छ।

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत